# ताईफुन र भारीवर्षा

वर्षाको लागि पहिले देखीनै सावधानी अपनाउन जरुरी छ। मौसम पूर्वानुमानलाई ध्यानपूर्वक जाँच गर्नुहोस । त्यसैगरी भूकम्पको सावधानी जस्तै, आश्रय गर्ने ठाउँ, परिवार वा साथीहरूलाई सम्पर्क गर्ने तरिका,लिएर जानुपर्ने सामानहरूको तयारी, यस क्षेत्रको व्यक्तिहरूसँग कुराकानी गर्नु पनि महत्वपूर्ण हुन्छ ।

**●ताईफुन तथा भारी वर्षा हुनुभन्दा अगाडी गर्न सकिने तयारी●**

**(1) हजाड नक्साको निश्चित गर्ने**

सेन्दाई सिटीमा, हजाड नक्सा छ। आफ्नो घर नजिकको खतरनाक ठाउँहरू निश्चय गरी राखौं ।
हजाड नक्सा : सेन्दाई बसोबास नक्सा (https://www2.wagmap.jp/sendaicity/Portal)
बाट「प्रकोप रोकथाम」को चयन गर्ने (जा)

कानले सुन्नसक्ने जोखिम क्षेत्रको नक्सा (हजाड म्याप): सम्बन्धित एप (युनि-भ्वाइस) प्रयोग गरेर खतराजनक स्थानहरू पुष्टी गर्नुहोस। (जापानी, अंग्रेजी, चाइनिज, कोरियन, भियतनामी र नेपाली भाषामा उपलब्ध)

SenTIA ब्लग

**(2) भारी वर्षाको बेलामा जारी गरिने 5 चरणको विपत्ति रोकथाम जानकारी**

चेतावनी स्तर 4 मा, सबैलाई खतरा क्षेत्रबाट बाहिर जानुहोला भनिनेछ । चेतावनी स्तर सँधै निश्चय गरौ र उपयुक्त स्थानमा आश्रय लिउँ ।

## भारी वर्षाको बेलामा जारी गरिने 5 चरणको विपत्ति आश्रय स्थलको जानकारी

चेतावनी लेबल 1 र 2 मौसमी विज्ञान विभागबाट प्रसारण गरिन्छ, सिटी कार्यालयबाट चेतावनी लेबल 3 देखि 5 सम्मको आश्रय स्थलको जानकारी आदिको साथै सूचित गरिन्छ। चेतावनी लेबल निश्चित गर्नु भई सुरक्षित हुने कार्य गर्नुहोस्



| चेतावनी लेबल 1<br>警戒レベル1 | चेतावनी लेबल 2<br>警戒レベル2 | चेतावनी लेबल 3<br>警戒レベル3 | चेतावनी लेबल 4<br>[सबै जना आश्रयस्थलमा जाने]<br>警戒レベル4<br>【全員避難】 | चेतावनी लेबल 5<br>警戒レベル5 |
|---|---|---|---|---|
| आजको मौसमको जानकारी थाहा पाउनुहोस् । | सुरक्षितस्थानमा भाग्नको लागि बाटो, भाग्ने ठाउँ निश्चित गर्नुहोस । | **वृद्ध वृद्धा आदि आश्रय लिने**<br>(高齢者等避難)<br>जेष्ठ नागरिकहरू वा (शरिरक अशक्ता) स्वतन्त्र रुपमा शारीरि चलाउन नसक्नेहरू भाग्नुहोस। अन्य व्यक्तिहरू भाग्नको लागि तयारि गर्नुहोस । | **आश्रय लिन आदेश**<br>(避難指示)<br>विपत्तिको कारण खतरा छ कृपया तुरुन्त भाग्नुहोस । | **आपतकालिन सुरक्षा सुनिश्चित**<br>(緊急安全確保)<br>विपत्ति भइरहेको छ । कृपया जीवन बचाउने कार्य गर्नुहोस् । |

**लेबल 1 देखि 5 को नम्बरमा क्रमिक रुपमा जोखिम बढ्दैछ ।**

## सेन्दाई सिटि विपद ब्यबस्थापन बहुभाषा सहायता केन्द्र

प्राकृतिक विपद आएको बेलामा, सेन्दाई बहुसाँस्कृतिक समाज केन्द्रमा सेन्दाई सिटी विपत्तिय बहुभाषिक सहायता केन्द्र को स्थापना गरिन्छ । यहाँबाट विदेशी भाषामा जानकारीहरू प्रदान आदिको काम गर्ने गरिन्छ । समस्यामा पर्नुभएको बेला वा विदेशी भाषामा सल्लाह गर्न चाहेको बेलामा सम्पर्क गर्नुहोला । विस्तृत जानकारीको लागि SenTIA अन्तर्राष्ट्रिय सम्बन्ध विभाग HP हेर्न हेर्नुहोस ।

**TEL : 022-224-1919** https://int.sentia-sendai.jp/saigai/

(जा, अं, चा, को, भियतनामी, नेपाली भाषाहरु)